# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८

च.नं.: ५६०

मिति : २०७७/०७/०६

विषय : निर्णय कार्यन्वयन सम्वन्धमा ।

श्री वडा कार्यालय सबै,
श्री स्वास्थ्य संस्थाहरु सबै,
श्री शसस्त्र प्रहरी वल, बी.ओ.पी सबै,
श्री प्रहरी चौकी सबै,
कचनकवल गाउँपालिका, भापा ।

प्रस्तुत विषयमा कचनकवल गाउँपालिको स्तरीय स्थानीय CCMC को मिति २०७७०७०६ गतेको बैठकबाट भएवमोजिमका निर्णयहरु कार्यन्वयन गर्न गराउन बैठकको निर्णय छायाँ प्रति थान ३ यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

.........................................
कुमार वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सूचना प्रविधि अधिकृत, वेवसाईडमा अपलोड गर्नहुन ।

www.kachankawalmun.gov.np Phone No. 9852655210
info@kachankawalmun.gov.np kachankawala@gmail.com ito.kachankawalmun@gmail.com
"व्यवसायिक कृषि र उद्यममा आधारित पर्यटकीय पूर्वाधार - शिक्षा, स्वास्थ्य र यातायात संजाल कचनकवल समृद्धिको आधार"

Scanned with CamScanner

आज मिती २०७७ साल कार्तिक ५ गतेका दिन यस कचनकवल गा.पा. स्तरिय CMC को बैठक यसै समितीको संयोजक श्री अफसरा आलमज्यूको संयोजकत्वमा बसी तपसिल बमोजिमको निर्णय पारित गरियो ।

उपास्थिती:

१) संयोजक - श्री अफसरा आलम
२) सदस्य - " कुमार बस्नेत प्र.प्र.अ.
३) " " रबिन ढुँगेल - सं.प्र.नि.
४) डे.नो.पि डम्बर प्र. बस्नेत
५) सं.प्र.नाति. रमाकान्त बं. लिम्बु
६ प्र०स०नि चन्द्र बी थापा
७) मेडिकल अधिकृत - डा. विशाल भट्टराई
८) स्वास्थ्य शाखा प्रमुख - HA जागेश्वर प्रसाद यादव
९) महेश चन्द्र नेपाल

प्रस्ताव नं. १: कोभिड १९ रोकथाम तथा नियन्त्रण सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताव नं १ माथि छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारी यस गापा.मा पनि स्थानिय रुपमा फाट्फुट देखिन थालेकोले कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रण गर्न कोभिड संक्रमण रोक्न प्रकृयालाई रोक्न निम्नानुसारको क्रियाकलाप गर्ने गराउने भनि सर्वसम्मत निर्णय गरियो !

निम्न

क. कचनकवल गा.पा. भित्र रहेका विभिन्न दैनिक, साप्ताहिक हाट बजारमा आउने ग्राहक तथा व्यापारी समेतले अनिवार्य मास्कको प्रयोग गर्ने गराउने, न्युनतम भौतिक दुरी (२ m) कायम गर्ने गराउने र सम्बन्धीत व्यापारीले हात धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था गर्ने। मास्क प्रयोग नगरेको र सामाजीक। भौतिक दुरी कायम नगरेको पाइएमा संक्रामक रोग ऐन अनुसार कारवाही गर्ने भनि सर्वसम्मत निर्णय गरीयो।

ख नेपाली हरुको चाड विसया दशैं, तिहार, छठ तथा इद मा विभिन्न शान्ती प्रिय हरु, मठ मन्दी, मस्जीत खोला, तलाउ आदिमा हुने दैनिक नित्य पूजा पाठ्य असर नगर्ने [struck] त्यस सम्बन्धी भिड भाड हुने खालको औपचारीक क्रियाकलाप बन्द गराइने र [struck] पूजा, पाठ, मा हुने भिडभाड कम गर्न गराउन सम्बन्धीत वडाका निर्वाचित जन प्रतिनिधी, सम्बन्धीत नगर व्यवस्थापन समीति, पूजा समिति, सामाजीक व्यक्तीत्वहरु समेतले समन्वयकारी भुमिका निर्वाह गर्दै सुरक्षा कर्मि हरुलाई सहयोग गर्न गराउने। [struck]

नोट: माथि उल्लेखीत क र ख दुवै निर्णयहरु सम्बन्धीत वडाका सुरक्षाकर्मि हरु मार्फत कार्यान्वयन गर्न गराउने भनि [struck] समेत सर्व सम्मत निर्णय पारीत गरियो।

२. प्रस्ताव नं २: कोभिड १९ संक्रमण पुष्टी भएको र कल्याम्ह टेस्टीङ सम्बन्धमा

निर्णय नं: २: प्रस्ताव नं २ माथि छलफल गर्दा – कोभिड १९ संक्रमण पुष्टी भएका व्यक्तीहरुलाई Home Isolation मा स्वास्थ्य मापदण्ड बमोजीम अन्य थप उपाय हरुको व्यवस्थापन गर्न र Contact tracing गर्दा व्यस्त व्यक्तीहरुको नेपाल सरकारले २०७७।४।२ गते जारी गरेको निर्देशिका बमोजीम [struck] गर्न गराउने भनि सर्व सम्मत निर्णय गरीयो।

प्रस्ताव नं ३: सचेतना सम्बन्धमा

निर्णय नं ३, प्रस्ताव नं ३ माथि छलफल गर्दा कोभिड १९ सम्बन्धी सचेतना गराउने र अनिवार्य मास्क प्रयोग गर्ने सो कार्य नगरेमा रु १०० जरिवाना सुरक्षाकर्मी मार्फत गराउने भनि इ.प्र.का. बनियानी मार्फत ४ दिन माइकिङ समेत गराउने भनि निर्णय गरियो।

प्रस्ताव नं. ४: शुभकामना सम्बन्धमा ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपालीहरूको चाड विजया दशमी, ल्होसार, छैठ र इद समेतको शुभकामना आदान प्रदान गरियो ।

आजको बैठक शुभकामना आदान प्रदान गर्दै सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

Scanned with CamScanner